# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०८/२३

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर.....................

## भाडादर, अस्थायी रुट परमिट, स्थानीय सवारी तथा यातायात व्यवस्था सम्बन्धी आचारसंहिता सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७५।०८।२३)

यस नगरपालिकाभित्रका विभिन्न रुटमा सञ्चालन हुने सार्वजनिक सवारी साधन(बस, जीप, अटोरिक्सा लगायत)हरुको भाडादर, अस्थायी रुट परमिट, स्थानीय सवारी तथा यातायात व्यवस्था सम्बन्धी आचारसंहिता कार्यान्वयन लगायत समग्र यातायात क्षेत्रको व्यवस्थापन र सञ्चालनको सम्बन्धमा मिति २०७५/०८/१५ गते नगर प्रमुख श्री गोर्खबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर यातायात व्यवस्थापन समितिको निर्णयानुसार देहाय बमोजिमको निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्नु तथा गराउनु हुन सबैको जानकारीको लागि अनुरोध छ ।उल्लेखित निर्णय एवम् निर्देशनहरु पालना एवम् कार्यान्वयन नगरेको खण्डमा स्थानीय प्रशासनको सहयोगमा सक्त कारवाही हुने व्यहोरा समेत आदेशानुसार जानकारी गराईन्छ ।

१. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो रिक्सा सम्बन्धमा तपसिलमा उल्लेख गरिए बमोजिम गर्ने तथा गराउने :–

क. भाडादर सम्बन्धमा

| क्र.स. | विवरण | किसिम | भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | रिजर्भमा प्रति कि.मी. | प्रति व्यक्ती | रु. ७५।- | |
| २ | रिजर्भ बाहेक क्युमा प्रति कि.मी. | प्रति व्यक्ती | रु. १५।- | |
| ३ | राडीबजार-खारखारा | प्रति व्यक्ती | रु. ४०।- | |
| | | रिजर्भ | रु. २००।- | एकमुष्ट |
| ४ | राडीबजार-घारीखोला | रिजर्भ | रु. ५००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. १०५।- | |
| ५ | राडीबजार– काफलचौर | रिजर्भ | रु. ४००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ७५।- | |
| ६ | राडीबजार– वाइनरी/काष्ठ उद्योग | रिजर्भ | रु. ३००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ६०।- | |
| ७ | राडीबजार– गिजा | रिजर्भ | रु. २००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ४०।- | |
| ८ | सिमबजार-चिसापानी | रिजर्भ | रु. ५००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. १०५।- | |
| ९ | सिमबजार-बोझाबारी | रिजर्भ | रु. ४००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ७५।- | |
| १० | सिमबजार-गत्तासैना | रिजर्भ | रु. ३००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ६०।- | |

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०८/२३

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..................

| | | | | |
|---|---|---|---|---|
| ११ | सिमबजार-धुर्सेनी | रिजर्भ | रु. २००।- | एकमुष्ट |
| | | प्रति व्यक्ती | रु. ४०।- | |

ख. अस्थायी रुट परमीट शुल्क रु. ५०००।– (वार्षिक)

ग. सिट क्षमताः- चालक सहित ४ (चार) जना मात्र ।

घ. अटो रिक्सा चालकको **बीमा, लाईसेन्स, ब्ल्यू बुक सहित आधिकारिक प्रा.लि.** मार्फत संचालन हुनुपर्नेछ ।

ङ. माथी उल्लेखित निर्णय एवम् नगरपालिकाबाट दिईएका निर्देशन उल्लंघन गरेमा आठविसकोट नगरपालिकाको सार्वजनिक सवारी साधन व्यवस्थापन कार्यविधि, २०७४ एवम् अन्य प्रचलित कानून अनुसार दण्ड सजाय हुनेछ ।

च. नगरपालिकाबाट अस्थायी रुट परमीट लिएर माथी उल्लेखित रुटहरुमा मात्र अटो रिक्सा सञ्चालन गर्न पाईनेछ । अस्थायी रुट परमीटविना तोकीएको रुटमा नचलाई अन्यत्र चलाएमा वा लाईसेन्स, बीमा, ब्ल्यू बुक विना चलाएमा वा मादक पदार्थ सेवन गरी संचालन गरेमा रु. १०,०००।-(दश हजार) सम्म जरिवाना गरिनेछ ।

२. **नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने जीप तथा बसको भाडादर देहाय बमोजिम निर्धारण गरिएको छ ।**

क. जीपमा, प्रतिव्यक्ति/प्रति किलोमीटर रु. १५।- (पन्ध्र रुपैयाँ मात्र)

ख. जीपमा 4W लाग्ने उकालो बाटोमा प्रतिव्यक्ति/प्रति किलोमीटर रु. १७।-(सत्र रुपैयाँ मात्र)( *जस्तैः राडी*– दाजे, राडी–कोट, सिमबजार– गोइरी लगायत उकालो सडकहरु)

ग. बसमा, प्रतिव्यक्ति/प्रति किलोमीटर रु. १०।-(दश रुपैयाँ मात्र)

३. **नगरपालिका भित्र संचालित हुने तपसिलमा उल्लेखित थप सडकहरुमा रुट परमीट दिन सकिनेछ ।**

क. नगरपालिकाको वडा नं. ४ र ५ अन्तरगत पर्ने छरिबगर-नयाँडाँडा सडक खण्ड ।

ख. नगरपालिकाको वडा नं. ४ र ६ अन्तरगत पर्ने छरिबगर-करपगार सडक खण्ड ।

४. बसपार्क वा नगरपालिकाले तोकेको स्थानमा मात्र पार्किङ गर्नुपर्नेछ । साथै सार्वजनिक बाटोघाटोमा पार्किङ गरेको पाईएमा वा आफ्नो व्यक्तिगत मालसामान, निर्माण सामग्री राखेको पाईएमा वा सार्वजनिक आवतजावतमा असर पुग्ने कार्य गरेको देखिएमा **नगर अनुशासन कार्यविधि, २०७४ अनुसार रु. १५,०००।- (पन्ध्र हजार)** सम्म जरिवान गरी सामान समेत जफत गरिनेछ ।

५. टिकट काउण्टर नगरपालिकाको वडा नं. ९ नेत्रचोक स्थित रहने र टिकट काउण्टरको भाडादर प्रति कोठा मासिक रु. २०००।- (दुई हजार) निर्धारण गरिएको छ । साथै यो भाडादर मिति २०७५ असोज १ गतेबाट लागु भएको मानिनेछ ।

६. नगरपालिकाले तोकेको स्थानबाट मात्र स्पष्ट रुपमा परिचयपत्र खुल्ने यातायात व्यवसायी एवम् प्रा.लि.का आधिकारिक व्यक्तीहरुले मात्र यात्रु टिकट काट्नु पर्नेछ, अन्यथा कानुन बमोजिम सक्त कार्वाही एवम् जरिवाना समेत गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र कोही कसैले सार्वजनिक शान्ती सुरक्षामा खलल पुग्ने गरी कुनै पनि किसिमका कार्यहरु गरेमा निजहरुलाई नियन्त्रणमा लिई कानुन बमोजिमको सजाय दिई जरिवाना समेत गरिनेछ ।

शेर बहादुर ओली
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत